# बौधीमाई नगरपालिका

# स्थानीय राजपत्र

## बौधीमाई नगरपालिकाद्वारा प्रकाशित

**खण्ड- संख्या- नगरसभावाट पारित मिति-२०८२/०३/०८ प्रमाणिकरण मिति-२०८२/०९/०३**

**भाग-२**

## बौधीमाई नगरपालिका अन्तर्गत रहेको सार्वजनिक सडक सरसफाई सम्बन्धि कार्यविधि २०८२

**स्वीकृत मिति:-२०८२/०९/०३**

बौधीमाई नगरपालिका भित्र बाह्रै महिना यातायात संचालनका लागि निर्माण गरिएको स्थानिय ग्रामिण तथा कृषि सडकहरुलाई व्यवस्थित तथा निर्वाध रुपमा संञ्चालनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ (ट) बमोजिम स्थानीय तथा ग्रमिण सडक, कृषि सडक

सरसफाई सम्बन्धि कार्यलाई प्रभावकारी व्यवस्थापनको लागि नगरकार्यपालिकावाट यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

**१.१** यस कार्यविधिको नाम " बौधीमाई नगरपालिका अन्तर्गत रहेको सार्वजनिक सडक सरसफाई सम्बन्धि कार्यविधि २०८२" रहेनेछ ।

**१.२** यो कार्यविधि बौधीमाई नगरकार्य पालिकावाट स्वीकृत भई राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

**२. परिभाषा:-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कार्यविधि"** भन्नाले बौधीमाई नगरपालिका अन्तर्गत रहेको सार्वजनिक सडक सरसफाई सम्बन्धि कार्यविधि २०८२ लाई सम्झनु पर्दछ ।

(ख) **"सडक"** भन्नाले बौधीमाई नगरपालिका अन्तर्गत निर्माण गरी संचालनमा रहेको स्थानीय सडक, ग्रमिण सडक, कृषि सडक (धुले,ग्रेभल,ढलान तथा कालोपत्रे) लाई सम्झनु पर्दछ ।

(ग) **"कार्यालय"** भन्नाले बौधीमाई नगरकार्य पालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) **"वडा कार्यालय"** भन्नाले नगरपालिकाको वडा कार्यालयहरु सम्झनु पर्दछ ।

(ङ) **"जरिवाना"** भन्नाले नगरकार्यपालिकाले कारवाहि गरे वापत असुलि गर्ने रकम सम्झनु पर्दछ ।

## परिच्छेद - २

**३. सडक सरसफाई सम्बन्धि व्यवस्था**

बौधीमाई नगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गत सवै प्रकारका सडकहरु सरसफाई तथा व्यवस्थापनका लागि तपशिल बमोजिम कार्यहरु गरिनेछ ।

(क) नगरपालिका अन्तर्गत निर्माण गरिएका स्थानीय सडकहरुको किनारामा कुनै पनि व्यत्तिगत सर-समानहरु जस्तै पराल,किल्ला,नाद,गोवर,गुईठा राख्न नपाईने ।

(ख) सार्वजनिक सडकमा आगो बाल्न नपाईने ।

(ग) बौधीमाई नगरपालिका वा वडा कार्यालयलाई जानकारी नदिई सिंचाई वा निकासको लागि सडक तोडफोड गर्न नपाईने ।

(घ) सार्वजनिक सडकमा घरायसी फोहोर फाल्न नपाईने ।

**४. जरिवाना तथा कारवाहि सम्बन्धि व्यवस्था ।**

बौधीमाई नगरपालिकाको कार्यालयवाट सूचना जारी भए पश्चात पनि अटेर गरि सार्वजनिक सडकमा व्यत्तिगत सर-समान (पराल, किल्ला, नाद, गोवर, गुईठा) तथा फोहोर फालेमा रु.५०० देखी ५०००। सम्मको दण्ड जरिवाना हुनेछ तथा पटक पटक पत्रचार गर्दा पनि अटेर गरे वडा कार्यालय तथा नगरपालिकावाट उपलब्ध हुने सेवा सुविधावाट वञ्चित गरिनेछ ।

प्रदीप कुमार यादव
नगर प्रमुख